# नवदुर्गा गाउँपालिका

# स्थानीय राजपत्र

**खण्ड :** १० | **संख्या :** २ | **मिति :** २०८३/०४/१८

## भाग-२

## 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०८३

**प्रस्तावना:** स्थानीय स्तरको सार्वजनिक विकास तथा निर्माणमा निजी क्षेत्रको ज्ञान र विशेषज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, इमान्दारिता, जवाफदेहिता, विश्वसनीयता तथा भेदभावरहित प्रतिस्पर्धा तथा स्रोत र साधनको उच्चतम् उपयोग जस्ता उद्देश्यहरू हासिल गर्न सार्वजनिक निर्माणमा निजी क्षेत्रको सहज पहुँचका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (छ) को उपखण्ड (१०) ले दिएको अधिकार प्रयोग गरी नवदुर्गा गाउँपालिकाको गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद-१ प्रारम्भिक

**१. सङ्क्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम **'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०८३** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **'आर्थिक ऐन'** भन्नाले नवदुर्गा गाउँपालिकाको गाउँ सभाबाट साल बसाली रूपमा जारी हुने आर्थिक ऐन सम्झनुपर्छ ।

(ख) **'इजाजतपत्र'** भन्नाले नवदुर्गा गाउँपालिकाबाट निर्माण व्यवसायीको नाममा जारी हुने 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्झनुपर्छ ।

(ग) **'प्रमुख प्रशासकीय अधिकृत'** भन्नाले नवदुर्गा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(घ) **'गाउँपालिका'** भन्नाले नवदुर्गा गाउँपालिका सम्झनुपर्छ ।

(ङ) **'पूर्वाधार'** भन्नाले नवदुर्गा गाउँपालिका अन्तर्गतको भौतिक पूर्वाधार शाखा सम्झनुपर्छ ।

## परिच्छेद-२
## इजाजतपत्र सम्बन्धी व्यवस्था

३. **इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने :** प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक यस कार्यविधि बमोजिम गाउँपालिकाबाट इजाजतपत्र प्राप्त नगरी 'घ' वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न, गराउन हुँदैन ।

४. **नयाँ इजाजतपत्र सम्बन्धी व्यवस्था :**

(१) अनुसूची–४ बमोजिमको योग्यता पूरा भएका व्यक्ति, फर्म वा कम्पनीले सार्वजनिक निर्माण कार्य गर्न चाहेमा अनुसूची–१ बमोजिमको ढाँचामा पूर्वाधार समक्ष दरखास्त दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरू पूर्वाधारबाट रितपूर्वक भए वा नभएको चेकजाँच गरी निर्णयको लागि प्रमुख प्रशासकीय अधिकृतसमक्ष पेस गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेस भएका दरखास्तहरूमा योग्यता पुगेको निर्माण व्यवसायी, फर्म तथा कम्पनीहरूको इजाजतपत्र गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतस्तरीय निर्णयबाट अनुसूची–२ बमोजिमको ढाँचामा जारी हुनेछ ।

(४) यस दफाबमोजिम दर्ता गरिएको इजाजतपत्रको पूर्वाधारले अनुसूची–५ को खण्ड (क) बमोजिमको ढाँचामा दर्ता किताब खडा गरी अध्यावधिक बनाई राख्नुपर्नेछ ।

५. **इजाजतपत्र मान्य हुने अवधि :**

(१) दफा ४ बमोजिम जारी भएको इजाजतपत्रको मान्य अवधि चालु आर्थिक वर्षको अत्यसम्मका लागि मात्र लागु हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि झुठा विवरण पेस गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा जुनसुकै बेला इजाजतपत्रको वैधता अन्त हुनेछ ।

६. **इजाजतपत्र नवीकरणसम्बन्धी व्यवस्था :**

(१) यस कार्यविधिबमोजिम जारी भएको इजाजतपत्र नवीकरण गर्न निर्माण व्यवसायीले पूर्वाधारमा निवेदन पेस गर्नु पर्नेछ ।

(२) दफा ४ बमोजिम जारी भएको इजाजतपत्र नवीकरणको लागि प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको मितिले ३ महिनाभित्र कर चुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नवीकरण र आवश्यक दस्तुर तिरेको कागजात समेत संलग्न गरी निवेदन पेस गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम नवीकरणको लागि निवेदनसाथ कागजात पेस गर्दा अनुसूची–३ बमोजिमको पासबुक भरी अघिल्लो आर्थिक वर्षमा सो फर्म वा कम्पनीले गरेको कार्यहरूको प्रगति विवरण समेत पेस गर्नु पर्नेछ ।

(४) यसरी अनुसूची–३ बमोजिमको पासबुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजतपत्र नवीकरण गर्न गाउँपालिका बाध्य हुने छैन ।

(५) उपदफा (२) बमोजिमको समयभित्र इजाजतपत्र नवीकरण नगरेका निर्माण व्यवसायीले सोही सालको चैत्र मसान्तभित्र इजाजतपत्र नवीकरण गराउन चाहेमा आर्थिक ऐनले तोकेबमोजिमको थप दस्तुर तिरी निवेदन पेस गर्न सक्नेछ ।

(६) यस दफाबमोजिम नवीकरणका लागि पेस हुने निवेदनहरूमा पूर्वाधारले इजाजतपत्र नवीकरण गर्नेछ ।

(७) यस दफाबमोजिम नवीकरण भएका फर्म/कम्पनीको अभिलेख पूर्वाधारले अनुसूची–५ को खण्ड (ख) बमोजिमको ढाँचामा नवीकरण किताब खडा गरी अध्यावधिक बनाई राख्नुपर्नेछ ।

## परिच्छेद-३ विविध

**७. इजाजतपत्रको खारेजी :**

(१) देहायको अवस्थामा गाउँपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ :

(क) झुटो विवरण पेस गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा सङ्गठित संस्थामा झुटो विवरण पेस गरेको बेहोरा सम्बन्धित निकायबाट लेखी आएमा,

(ग) सार्वजनिक निकायसँग भएको सम्झौताबमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भीर उल्लङ्घन भएको सम्बन्धित निकायबाट लेखी आएमा,

(२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेस गर्न मनासिव माफिकको मौका दिइनेछ ।

(३) दफा ६ बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(४) यस दफाबमोजिम इजाजतपत्र खारेज भएकोमा गाउँपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म, व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई समेत दिनुपर्नेछ ।

**८. इजाजतपत्रको प्रतिलिपि दिने व्यवस्था :** कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपि प्राप्त गर्न निवेदन दिएमा आर्थिक ऐनले तोकेबमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपि दिनु पर्नेछ ।

**९. इजाजतपत्रको नामसारी सम्बन्धी व्यवस्था :** इजाजतपत्र प्राप्त गर्ने निर्माण व्यवसायीको मृत्यू भएमा वा अन्य कारणले इजाजतपत्रको नामसारी गर्नुपरेमा घरेलु तथा साना उद्योग कार्यालयबाट नामसारी प्रमाणित भई आएको पत्र तथा शेयरधनी परिवर्तन गरिएको पत्रको प्रतिलिपि, आन्तरिक राजस्व कार्यालयबाट नामसारी भई सम्बन्धित फर्मको नयाँ प्रोपराइटरको फोटो टाँस भई आएको प्रमाणपत्र तथा कम्पनी रजिष्टार कार्यालयबाट शेयर लगत कट्टासहितको शेयरधनीको दर्ता किताबको प्रतिलिपिसमेत संलग्न राखी पूर्वाधारमा निवेदन दिनुपर्नेछ र यसरी निवेदन प्राप्त हुन आएमा आर्थिक ऐनले तोके बमोजिमको दस्तुर लिई पूर्वाधारले नामसारी सहितको इजाजतपत्र प्रदान गर्नेछ ।

**१०. इजाजतपत्रको ठाउँसारीसम्बन्धी व्यवस्था :** अनुसूची–४ बमोजिमको योग्यता पूरा भएका व्यक्ति, फर्म वा कम्पनीको ठेगाना परिवर्तन भई इजाजतपत्रको ठाउँसारी गर्नुपरेमा घरेलु तथा साना उद्योग कार्यालयबाट साविकको ठेगाना तथा हाल कायम हुने ठेगाना परिवर्तन गरिएको पत्र, आन्तरिक राजस्व कार्यालयबाट ठेगाना परिवर्तन गरिएको प्रमाणपत्र तथा कम्पनी रजिष्टार कार्यालयबाट कम्पनी अद्यावधिक तथा रजिष्टर्ड कार्यालयको ठेगाना परिवर्तन सहितको प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधनको अभिलेख गरिएको पत्रको प्रतिलिपिसमेत संलग्न राखी निवेदन दिएमा पूर्वाधारले ठाउँसारी सहितको इजाजतपत्र प्रदान गर्नेछ ।

**११. प्रचलित कानूनबमोजिम हुने :** यस कार्यविधिमा लेखिए जति व्यवस्थाको हकमा यसै बमोजिम र अन्यको हकमा प्रचलित कानूनबमोजिम हुनेछ ।

**१२. खारेजी र बचाउ :**

(१) 'घ' वर्ग निर्माण व्यवसायी ईजाजतपत्र कार्यविधि, २०७४ खारेज गरिएको छ ।

(२) 'घ' वर्ग निर्माण व्यवसायी ईजाजतपत्र कार्यविधि, २०७४ बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

# अनुसूची-१

(कार्यविधिको दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

## इजाजतपत्रको लागि दिइने दरखास्त

श्री भौतिक पूर्वाधार शाखा,
नवदुर्गा गाउँपालिका,
मणिलेक, डडेल्धुरा ।
………………………………………………… ।

बिषयः इजाजत पाऊँ भन्ने बारे ।

यस कार्यालयको 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०८३ बमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि इजाजत पाऊँ भनी निम्नानुसारको दरखास्त पेस गर्दछु ।

१. दरखास्त पेस गर्ने फर्म वा कम्पनीको :

नाम :

ठेगाना : मार्ग :

टेलिफोन नं.: मोबाइल नं.: इमेल :

२. फर्म वा कम्पनीको प्रकृति : (कोष्ठमा चिह्न लगाउने)

☐ प्राइभेट लिमिटेड कम्पनी ☐ पब्लिक लिमिटेड कम्पनी

☐ एकलौटी ☐ साझेदारी

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारिक व्यक्तिको :

नाम :

ठेगाना :

टेलिफोन वा मोबाइल नं. इमेल :

४. फर्म वा कम्पनीको विवरण :

दर्ता नं. दर्ता मिति :

अधिकृत पूजी : जारी पूजी :

दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :

५. इजाजतपत्र लिन चाहेको वर्गः "घ" वर्ग

६. इजाजत लिन चाहेको समूह :

७.आर्थिक श्रोतको विवरण :

| | **रकम** | **वित्तिय संस्था, बैंकको नाम** |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लेखित विवरणबाहेक अन्य विवरण भए छुट्टै पेस गर्न सकिनेछ ।

८. कामदारको विवरण :

(क) प्राविधिक :
(ख) अप्राविधिक :

(ग) अन्य :

प्राविधिक कर्मचारीको Certificate को प्रतिलिपि तथा निजको मन्जुरिनामा पेस गर्नुपर्नेछ ।

९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेसिनरी औजारको विवरण :

| सि.नं. | नाम तथा विवरण | दर्ता नं. | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य बेहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

द्रष्टव्यः यस विवरणमा उल्लिखित सवारी साधन तथा मेसिनरी औजारहरूको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेसिनरी औजारहरू चालु हालतमा रहेको छ भनी मेकानिकल इन्जिनियरद्वारा प्रमाणित हुनुपर्नेछ ।

१०. यसअघि सम्पन्न गरेको कामको विवरण :

| सि.नं. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको वर्ष | रकम | फर्म वा कम्पनीको नाम | कामको अवस्था वा प्रगति |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

११. कर चुक्ता गरेको प्रमाणपत्र सम्बद्ध कागजातः

क.

ख.

ग.

१२. सञ्चालक वा शेयरधनीको तिनपुस्ते विवरण :

| सि.नं. | नाम थर | वतन | सम्पर्क नं. | लगानीको हिस्सा |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण बेहोरा ठीक साँचो छ, झुटो ठहरे कानुनबमोजिम सहुँला बुझाउँला ।

१३. सञ्चालक वा शेयरधनी सबैको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेस गरेको हुनुपर्नेछ ।

नवदुर्गा गाउँपालिका

निर्माण व्यवसायीको छाप :

दरखास्तवालाको नाम थर :

दस्तखत : मिति :

*द्रष्टव्य :*

यस दरखास्त फारामका साथ दरखास्त फाराममा उल्लेख भएको बेहोरा पुष्टि गर्ने सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपि संलग्न गर्नुपर्नेछ र पूर्वाधारले माग गरेको बखत सक्कल कागजात पेस गर्नुपर्नेछ ।

नवदुर्गा गाउँपालिका

## अनुसूची-२

(कार्यविधिको दफा ४(३) सँग सम्बन्धित)
नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मणिलेक, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

## इजाजतपत्र

इजाजतपत्र नं.................. मितिः . . . ./. ./. .

"घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०८३ को दफा ४ को उपदफा (३) बमोजिम निर्माण व्यवसाय गर्न...................................................... स्थित कार्यालय भएको .......................................................फर्म वा कम्पनीलाई यो इजाजतपत्र प्रदान गरिएको छ।

घ

इजाजतपत्र दिनेको :
दस्तखत :

नाम :

पद :

मिति :

| **नवीकरण गर्ने अधिकारी** | **नवीकरण गरेको मिति** | **नवीकरण वहाल रहने अवधि** | **नवीकरण दस्तुर भौचर नं. र मिति** | **नवीकरण गर्ने अधिकारीको दस्तखत** |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

नवदुर्गा गाउँपालिका

अनुसूची-३

(कार्यविधिको दफा ६(३) सँग सम्बन्धित)

# निर्माण व्यवसायीबाट गरिएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण (पासबुक)

| क्र. सं. | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | संयुक्त उपक्रमको नाम (भएमा) | शेयर (%) | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समायावधि थप विवरण (यदि भएमा) | Variation को विवरण ( यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) ठेक्का रकम | क) नाम : | क) थप समय : | क) Variation पछिको Contract Amount : | क) सम्पन्न रकम : | क) अन्तिम ठेक्का रकम : | |
| | | | | | ……… | ……… | ……… | ……… | ……… | ……… | |
| | | | | | ख) सम्झौता मिति | ख) पद : | ख) नाम : | ख) Variation को निर्णय गर्ने पदाधिकारीको नाम : | ख) सम्पन्न मिति : | ख.सम्पन्न मिति | |
| | | | | | ……….. | …………… | ………… | ………… | ……….. | ………… | |
| | | | | | ग) ठेक्का अवधि | ग) हस्ताक्षर : | ग) पद : | ग) पद : | ग) सम्पन्न (%) : | ग) नाम : | |
| | | | | | ………. | …………… | ………… | ………… | ………. | ………… | |
| | | | | | | छाप : | घ) हस्ताक्षर : | घ) हस्ताक्षर : | घ) नाम : | घ) पद : | |
| | | | | | | …………… | ………… | ………… | ………. | ………… | |
| | | | | | | | ङ) निर्णय मितिः | छाप : | ङ) पद : | ङ) हस्ताक्षर : | |
| | | | | | | | ………… | | ………. | ………… | |
| | | | | | | | छाप : | | च) हस्ताक्षर : | छाप : | |
| | | | | | | | | | ………. | | |
| | | | | | | | | | छाप : | | |

नाम : पद : हस्ताक्षर : छाप :

# अनुसूची-४

(कार्यविधिको दफा ४ र १० सँग सम्बन्धित)

## "घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

**१. आर्थिक क्षमता :** प्राइभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रूपमा घटीमा पाँच लाख रुपैयाँको चालु पुँजी देखाई कम्पनी रजिष्टारको कार्यालय वा घरेलु तथा साना उद्योग कार्यालय वा प्रचलित कानूनबमोजिम दर्ता हुनुपर्ने अन्य निकायमा दर्ता भएको हुनुपर्नेछ।

**२. मुख्य जनशक्ति विवरण :** मान्यताप्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्यशास्त्र वा अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनुपर्नेछ।

**३. मेसिन र उपकरण :**

| | | |
|---|---|---|
| क) | टिपर/मिनिटिपर/ट्र्याक्टर | : (एक थान) |
| ख) | मिक्चर | : (एक थान) |
| ग) | थियोडोलाइट (Thedolite)/लेभल मेसिन | : (एक सेट) |
| घ) | भाइब्रेटर | : (तीन थान) |
| ङ) | वाटर पम्प | : (तीन थान) |

*द्रष्टव्य :*

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ।

२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ।

३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्नपाइने छैन।

४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन।

५."घ" वर्गको इजाजतपत्र नेपाली नागरिकलाई मात्र उपलब्ध गराइनेछ।

## अनुसूची-५

(कार्यविधिको दफा ४(४) र ६(७) सँग सम्बन्धित)

## इजाजतपत्र दर्ता तथा नवीकरण किताब

इजाजतपत्र नं. :

### खण्ड (क) इजाजतपत्र दर्ता

१. निर्माण व्यवसायी (फर्म वा कम्पनी) को :

(क) नाम :

(ख) ठेगाना :

(ग) दर्ता नं. :

(घ) दर्ता मिति :

२. निर्माण व्यवसायी दर्ता गर्ने कार्यालयको :

(क) नाम : नवदुर्गा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

(ख) ठेगाना : मणिलेक, डडेल्धुरा

३. इजाजतपत्रको :

(क) वर्ग : **(घ)**

४. इजाजतपत्रको इजाजतपत्र दिनेको :

(क) दस्तखत :

(ख) नाम :

(ख) पद :

(घ) मिति :

### खण्ड (ख) नवीकरण

| क.सं. | नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण वहाल रहने अवधि | नवीकरण दस्तुर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

स्वीकृत मिति : २०८३/०४/१८

आज्ञाले
महेन्द्र बोहरा
प्रमुख प्रशासकीय अधिकृत

नवदुर्गा गाउँपालिका